पेशागत हकहित, सुरक्षा, श्रम एकता आजको आवश्यकता

श्रम दर्ता नं. ३३८७

# नेबियु सन्देश

NEBEU SANDESH

त्रैमासिक

आवद्ध : एनडीफन्ट

वर्ष - ३ अङ्क १ पूर्णाङ्क ४ २०७४ बैशाख सहयोग रू. १०/-

**नव वर्ष २०७४ को उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना**

नेपाल बैङ्क कर्मचारी युनियन परिवार

## नेपाल बैङ्क कर्मचारी युनियन नविकरण प्रक्रियामा

नेपाल बैङ्क कर्मचारी युनियन मिति २०७२ असार महिनामा श्रम कार्यालय,बागमतिबाट विधिवतरुपमा दर्ता भई बैङ्क विकास र कर्मचारी हकहितको लागि नेपाल बैङ्कमा क्रियाशिल रहेका अन्य युनियनहरूसंग हातेमालो गरी संयुक्त आन्दोलन समेत सञ्चालन गर्दै सक्रिय रहेको सम्पूर्ण कर्मचारीवर्गमा विदितै छ । नेपालको प्रचलित श्रम ऐन अनुसार युनियन नविकरण गर्ने सिलसिलामा यस युनियन पनि पुनः नविकरण गर्नुपर्ने भएको हुँदा नेपाल बैङ्कमा कार्यरत कर्मचारीवर्गको साथ र सहयोगबाट हामी पुनः नविकरण प्रक्रियाको तयारीमा लागेका हौं । उक्त कार्यको लागि आवश्यक सम्पूर्ण प्रक्रिया पूरा भईसकेको छ ।

## नेपाल बैङ्कमा पनि आश्वा (ASBA) प्रणाली कार्यान्वयन

सार्वजनिक निश्काशन भएको धितोपत्रको खरिद प्रक्रियालाई स्वच्छ, पारदर्शी, छिटो, छरितो तथा मितव्ययि बनाउन नेपाल धितोपत्र बोर्डले धितोपत्र खरिद (सार्वजनिक निश्काशन सम्वन्धि निर्देशिका, २०७३) जारी गरी २०७३ माघ महिनादेखि आश्वा (Application Supported by Blocked Amount) प्रणालीलाई कार्यान्वयनमा ल्याएको छ । यस प्रणाली अन्तर्गत धितोपत्र खरिद गर्नका लागि आवेदन दिंदा आवेदनकर्ताहरूले बैङ्क तथा वित्तीय संस्थामा खोलेका निक्षेप खाताहरूमा धितोपत्र आवेदन बरावरको रकम रोक्का राखिने र त्यसको बांडफांड पश्चात् आवेदकको नाममा बांडफांड भएको धितोपत्र बरावरको रकम मात्र सम्वन्धित खातामा खर्च गर्ने गरिन्छ। सोही प्रणालीलाई नेपाल बैङ्क लिमिटेडले धितोपत्र बोर्डबाट मिति २०७३/०९/२१ मा प.सं.०७३/०७४ च.नं.१०२५ बाट धितोपत्र खरिद (सार्वजनिक निश्काशन) सम्वन्धि निर्देशिका,२०७३ को दफा ५ बमोजिम धितोपत्र निश्काशन हुँदाका बखत लगानीकर्ताहरूबाट दरखास्त संकलन तथा तत्सम्वन्धि कार्य गर्न अनुमति प्राप्त गरी आफ्ना शाखाहरू मार्फत ASBA कार्यान्वयनमा ल्याइसकेको छ ।

## युनियनमा पूर्व कर्मचारीहरूको भेला

नेपाल बैङ्क कर्मचारी युनियनले २०७३ माघ १४ गते शुक्रबारका दिन युनियनको कार्यालयमा पूर्व कर्मचारीहरूको बृहत भेला सम्पन्न गरेको छ ।

भेलामा महासचिव राजुराम मुनंकर्मीले सहभागी पूर्व कर्मचारी मित्रहरूलाई स्वागत गर्दै युनियनको गतिविधि माथि प्रकाश पार्नुभएको थियो। नेपाल बैङ्क कर्मचारी युनियनका स्थापना कालदेखि हालसम्मका पूर्व पदाधिकारी, सदस्यहरू, शुभेच्छुक पूर्व कर्मचारी, वर्तमान कार्यसमितिका पदाधिकारी र सदस्यहरूको व्यापक सहभागिता रहेको सो भेलामा एक आपसमा परिचय र अनुभव साटासाट गरिएको थियो भने युनियनको निरन्तरताको शुभेच्छा प्रकट गरिएको थियो ।

## नेपाल बैङ्कको ५७ औं साधारणसभा सम्पन्न

नेपालको पहिलो बैङ्क, नेपाल बैङ्क लिमिटेडको ५७ औं साधारण सभा मिति २०७३ चैत्र २० गते काठमाडौमा सम्पन्न भएको छ। सभामा बैङ्कको सञ्चालक समितिका अध्यक्ष जनार्दन शर्मा आचार्यले आ.व. २०७२/७३ को वार्षिक प्रतिवेदन र भावी योजना प्रस्तुत गर्नुभयो।

हाल सञ्चालक समितिमा नेपाल सरकारबाट नियुक्त भएका जनार्दन शर्मा आचार्य अध्यक्ष तथा सदस्यहरू रामशरण पुडासैनी, डा. डम्बरबहादुर भण्डारी, दीपेन्द्रविक्रम थापा र डा.उमाकान्त सिलवाल (व्यावसायिक विशेषज्ञ) एवं सर्वसाधारण सेयधनीहरूको तर्फबाट निर्वाचित दुई जना सदस्यहरू सुरेन्द्रबहादुर सिंह र निश्चल प्रधान रहेका छन् । आर्थिक वर्ष २०७२/७३ मा बैङ्कको सञ्चालन नतिजा उत्साहवर्द्धक रहेको छ । उक्त वर्षमा निक्षेप १४.६३ ५ ले वृद्धि भई रु. ८९ अरब ४१ करोड पुगेको छ भने कर्जा १८.९९ ५ ले वृद्धि भई रु. ६३ अरब ५२ करोड पुगेको छ ।

*बाँकी पृष्ठ २ मा...*

## सम्पादकीय

### बैङ्क निजीकरणको विरोध गरौं

नेपाल बैङ्क लिमिटेडले आफ्नो स्थापनाकाल वि.सं. १९९४ देखि आजसम्म नेपालको आर्थिक तथा बैकिङ्ग विकास र विस्तारमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको घाम झैं छलङ्ग रहेको छ । सरकारको आर्थिक उद्देश्य र संस्थाको व्यावसायिक उद्देश्य दुबैलाई संयोजन गर्दै नेपाल बै बैङ्क लिमिटेड ठूलो आरोह र अवरोह पार गरी यो अवस्थासम्म आइपुगेको छ । यसबीचमा समस्याग्रस्त बन्दै बित्तीय सुधार कार्यक्रम अन्तर्गत विदेशी र राष्ट्र बैङ्कको व्यवस्थापनबाट सञ्चालन समेत भईआएको नेपाल बैङ्क लिमिटेडमा हाल नेपाल सरकारको ६२.६१ प्रतिशत र कर्मचारी तथा सर्वसाधारण्को ३७.७९ प्रतिशत शेयर स्वामित्व रहेको र यसका सबै वित्तीय विवरण एवम् सूचकहरु हेर्दा बैङ्क स्वस्थ र सुदृढ बन्दै गइरहेको देखिन्छ ।

यी बाहेक पनि १३० शाखा मार्फत आधुनिक बैकिङ्ग सेवा दिंदै आएको यस बैङ्कले आ.व.२०७२/७३ मा रू ३ अर्व भन्दा बढी खुद मुनाफा आर्जन गर्न समेत सफल भएको छ भने नेपाल राष्ट्र बैङ्कको निर्देशन बमोजिम रू ८ अर्व चुक्ता पूंजी पुऱ्याउने लक्ष्य नजिक पुगिसकेको छ । अर्कोतिर नेपालको संविधान २०७२ ले समेत राज्यको भूमिका बढोत्तरी गरी समावेशी तथा समाजबाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने मुख्य ध्येय राखेको छ ।

यहाँ चर्चा गर्न खोजिएको विषय भनेको नेपाल बैङ्क निजीकरणको सन्दर्भमा यी सबै विषयवस्तुलाई मिहिन ढङ्गले केलाउँदा र विगतमा नेपाल सरकारको निर्णय बमोजिम भएका विभिन्न संस्थानहरुको निजीकरण र त्यसपछि भोग्नुपरेका नियतिहरूलाई केलाउँदा हचुवा भरमा गरिने निजीकरणको कुनै तुक छैन भन्ने नै हो ।

यसैगरी नेपाल र नेपाली जनताको गौरवको रूपमा रहेको यस नेपाल बैङ्कलाई नेपाल सरकारले आफ्नो शेयर स्वामित्व विक्री वितरण गरी निजिकरण गर्ने प्रक्रिया अगाडि बढाइरहेको सर्न्दभमा बैङ्कमा क्रियाशिल ५ वटै ट्रेड युनियनहरूले संयुक्तरूपमा नेपाल सरकारको ध्यानाकर्षण समेत गराई जोडेदार विरोध समेत गरेका छौं । साथै राष्ट्र र जनताको हित नहुने नेपाल बैङ्कको निजीकरणको निर्णयलाई मुलुकका सम्पूर्ण राजनितिक दल,नागरिक समाज,मानव अधिकारवादी संघ संस्थाहरु, बैकिङ्ग विशेषज्ञ, उद्योगी, व्यवसायी, पत्रकार र राष्ट्रियस्तरका ट्रेड युनियनहरूले समेत राष्ट्रिय सरोकारको विषय समेत बनाई विरोध गर्नुपर्ने अपरिहार्य भएको विषयलाई सबैले मनन गर्नुपर्ने आजको टड्कारो आवश्यकता भएको छ ।

अन्तमा नयाँ वर्ष २०७४ को सुखद अवसरमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

## ब्लोदानका बिबिध कार्यक्रमहरूमा सहभागिता

यस युनियन आवद्ध रहेको ब्लड डोनर्स एशोसियसन नेपाल (ब्लोदान) को २०७३ फागुनमा काठमाण्डौमा **"स्वयंसेवी रक्तदाता तथा संघसस्थालाई सम्मान गरौं"** भन्ने नारासहित नेपालको प्रथम रक्तदाता स्व. दयावीर सिंह कंसाकारप्रति समर्पण गरेर काठमाण्डौमा आयोजना गरिएको दोस्रो राष्ट्रिय रक्तदाता दिवस २०७३" मा यस युनियनका पदाधिकारी तथा सदस्यहरूको सहभागिता रहेको थियो ।

त्यसैगरी ब्लोदानका केन्द्रीय अध्यक्ष महेन्द्रबिलास जोशीको असामयिक निधन भई मिति २०७३ चैत्र ४ गते क्षेत्रपाटी चोकमा श्रद्धान्जलिको लागि राखिएको पार्थिव शरीरलाई सोही ठाउँबाट शवयात्रा गरी शोभा भगवतीमा गरिएको दाहसंस्कार कार्यमा ब्लोदानको तर्फबाट र आवद्ध संघसंस्थाहरूको तर्फबाट श्रद्धान्जली अर्पण गर्ने सिलसिलामा र मिति २०७३ चैत्र १६ गते बुधबारका दिन क्षेत्रपाटी पार्टी प्यालेसमा ब्लोदानकै आयोजनामा सम्पन्न भएको रक्तदानका अभियन्ता स्व.महेन्दबिलास जोशीको १३ दिने शोकसभामा यस युनियनको तर्फबाट महासचिव राजुराम मुनंकर्मीको सहभागिता रहेको थियो ।

---

*नेपाल बैङ्कको ५७ औं साधारणसभा...*

लगानी २३.९८% ले घटेर १२ अरब ८७ करोड पुगेको छ । जगेडा तथा कोषहरू १०९.४५% ले वृद्धि भई रु. २ अरब ४८ करोडले धनात्मक भएको छ जुन गत आ.व. मा रु. २ अरब ६३ करोड ऋणात्मक रहेको थियो । पूँजीकोष २.७०% ले वृद्धि भई १०.२०% मा पुगेको छ भने निष्कृय कर्जा ०.८७% ले घटेर ३.११% रहेको बैङ्क श्रोतले जनाएको छ ।

उक्त साधारणसभामा बैङ्कको भावी योजनाहरू मध्ये यस आर्थिक वर्षभित्र नेपाल राष्ट्र बैङ्कले तोके बमोजिम बैङ्कको चुक्ता पूँजी न्यूनतम रु. ८ अरब पुऱ्याउने लक्ष्य रहेको, बैङ्कलाई वित्तीयरुपले बलियो बनाउन बैङ्कको उपयोगमा नआएका बैंकिङ्ग सम्पत्तिहरूको विक्री गर्ने नीति रहेको, त्यस्तै चुक्ता पूँजी वृद्धिको लागि १०:२.३ को अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रकृयामा रहेको, शेयरधनी महानुभावहरूको चाहना अनुसार सकभर चाँडो प्रतिफल दिने प्रयासमा बैङ्कले निरन्तर काम गरिराखेको, नियमनकारी निकायले दिएको निर्देशन बमोजिम कृषि, जलविद्युत, घरेलु, साना तथा मझौला उत्पादनमूलक उद्योग, प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा लगानी बढाउने योजनाका साथ ग्राहकहरूको आवश्यकतालाई मध्यनजर गरी नयाँ योजनाहरू ल्याईरहेको र अझ थप नयाँ योजनाहरू ल्याई प्रतिस्पर्धी ब्याजदरमा छिटो छरितो सेवा विस्तार गर्ने कार्ययोजना रहेको बारे जानकारी गराईएको थियो ।

सभामा साधारण शेयरधनीहरूले व्यक्त गरेका गुनासा एवम् सुझावहरूको प्रत्युत्तरमा सञ्चालक समितिका अध्यक्षले सुझावहरूको कार्यान्वयन गर्ने तथा बैङ्क विकास प्रति आफु प्रतिबद्ध रहेको धारणा व्यक्त गर्नुभयो ।

# नेपालको आर्थिक विकासमा वाणिज्य बैङ्कको भूमिका



गम्भीरबहादुर हाडा
सह-प्राध्यापक, अर्थशास्त्र
भक्तपुर बहुमुखी क्याम्पस

बैङ्क शब्दले मुख्यतया वाणिज्य बैङ्कको अर्थ लाग्दछ । संक्षेपमा मुद्राको वा साखको कारोबार गर्ने संस्थालाई बैङ्क भन्न सकिन्छ। आज भोलि बैङ्कले धेरै किसिमका कार्यहरू सम्पादन गर्दछ । यसर्थ सम्पूर्ण क्षेत्रहरू समाहित हुने गरी बैङ्कको स्पष्ट र व्यापक परिभाषा दिनु निकै कठिन छ । समग्ररुपमा रुपैयाँ पैसाको लेनदेन कार्यमा संलग्न कुनै पनि संस्थालाई बैङ्क भन्न सकिन्छ । विश्वका सबै देशमा केन्द्रीय बैङ्क (Central Bank) को इतिहास लामो छैन । दोस्रो विश्वयुद्धताका स्वर्णमान समाप्त भएपछि अधिकांश देशमा यसको स्थापना भै सरकारी बित्तीय कारोबार गर्दै आएको छ। बैङ्क शब्द फ्रेन्च शब्द ब्याँके (Banque) र इटालिनी शब्द ब्यांका (Banca) शब्दबाट उत्पत्ति भएको मानिन्छ । जसको अर्थ नगद ऋण प्रदान गर्ने तथा विनिमय (Exchange) गर्न प्रयुक्त बेन्च (Bench) भन्ने बुझिन्छ । विभिन्न अर्थशास्त्रीहरूले बैङ्कको सम्बन्धमा आ-आफ्नै तरिकाले परिभाषा प्रस्तुत गरेका छन् । अर्थशास्त्री डा.H.L.Hart का अनुसार बैङ्क एक त्यस्तो संस्था हो, जसले सामान्य व्यवहार रकम जम्मा प्राप्त तथा चेकको रकम भुक्तानी गर्ने कार्य गर्दछ । बैङ्क भन्नाले सामान्यतया विभिन्न खातामा निक्षेप स्वीकार गर्ने तथा विभिन्न किसिमका ऋण दिने संस्था भन्ने बुझिन्छ । विकासको प्रारम्भिक चरणदेखि वर्तमान चरणसम्म आइपुग्दा बैङ्कले गर्ने कार्यहरूमा धेरै परिवर्तन आइसकेको छ ।

एच.एल.हार्टका अनुसार "आफ्नो सामान्य व्यवसायको सन्दर्भमा विभिन्न व्यक्तिबाट निक्षेप प्राप्त गर्ने र ती व्यक्तिले खिचेको चेकलाई स्वीकार गरेर भुक्तानी दिने व्यक्तिलाई बैङ्कर्स भनिन्छ ।"

(A banker is the who in the ordinary course of his business, receives money which he pays by honouring cheques of persons from whom or whose account he receives it.) वाल्टर लिफका अनुसार "बैङ्क भनेको संस्था वा व्यक्ति हो जसले माग गरिएमा चेकद्वारा भुक्तानी गर्न योग्य निक्षेपहरू जनतासँग प्राप्त गर्दछ । (A bank is a person or corporation which holds itself and to receive ferom the people, deposits payable on deamdn by cheque.) विश्व बैङ्कको अत्याधुनिक परिभाषा पनि निक्षेपसँगै सम्बन्धित छ । विश्व बैङ्कका अनुसार (विकास प्रतिवेदन (१९८९) बैङ्क भनेको वित्तीय संस्थाहरू हुन् । जसले मुख्यरुपमा माग गरिएको वा छोटो सूचनामा पुनर्भुक्तानीयोग्य निक्षेपहरूकोरुपमा रकम स्वीकार गर्दछ । (Banks are financial institution that accept funds in the form of deposits repayable on demandor it short notice)

विश्व बैङ्कले बैङ्क शब्दभित्र निक्षेप स्वीकार गर्ने तथा अल्पकालीन र दीर्घकालीन ऋण दिने वाणिज्य बैङ्कहरू, अधिगोपन तथा सुरक्षणको व्यापार गर्ने लगानी बैङ्कहरू, आवास ऋण दिने तथा आवास (housing) बैङ्कलाई पनि समावेश गरेको छ । किन्ले, क्राउथर तथा गिलबर्टले ऋण पक्ष पनि समेट्ने परिभाषा गरेका छन् ।

साधारणतया वाणिज्य बैङ्कले साखको सिर्जना (Credit creation) गर्दछ भने केन्द्रीय बैङ्कले नोट निष्काशन (Creation of currency) गर्दछ । नेपालमा प्रमुख वाणिज्य बैङ्कको रुपमा नेपाल बैङ्क लि., राष्ट्रिय वाणिज्य बैङ्क, हिमालयन बैङ्क, इण्डोस्वेज बैङ्क, नेपाल अरब बैङ्क आदि पर्दछन् । केन्द्रीय बैङ्कको रुपमा नेपालमा नेपाल राष्ट्र बैङ्क रहेको छ ।

**आधुनिक बैङ्कले मुख्यत यी कार्यहरू गर्दछन् :**

(१) निक्षेप स्वीकार गर्ने (Accept Deposit)
(२) कर्जा प्रदान गर्ने (Grant Loan)
(३) विदेशी मुद्रा विनिमय गर्ने (Exchange of Foreign Currency)
(४) कोषको स्थानान्तर (Transfer of Fund)
(५) साखको सिर्जना (Credit Creation)
(६) ग्राहकको अभिकर्ताको कार्य गर्ने (Function as a Agent of Customers)

**बैङ्कलाई मुख्य तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ। ती हुन्:**

(१) केन्द्रीय बैङ्क (Central Bank)
(२) वाणिज्य बैङ्क (Commercial Bank)
(३) विकास बैङ्क (Development Bank)

**नेपालमा बैङ्कको उत्पत्ति र विकास**
(Origin and Growth of Bank in Nepal)

नेपालमा बैंकिङ्ग क्षेत्रको इतिहास संस्थागतरुपमा त्यति पुरानो नभएतापनि संस्थागत बैंकिङ्ग प्रणालीको सुरुआत राणा प्रधानमन्त्री रणोद्दिप सिंहको पालामा जनताहरूलाई ५ प्रतिशत व्याजमा सुन चाँदी धितोमा राखी कर्जा प्रदान गर्ने गरी सरकारी वित्तीय संस्थाकोरुपमा **'तेजाश्य अड्डा'** को स्थापनाबाट भएको मान्न सकिन्छ । त्यसपछि **तेजाश्य अड्डा**का शाखाहरू उपत्यका बाहिर पनि बिस्तार गरिएका थिए । निक्षेप ग्रहण गर्ने व्यवस्था नभएको र कर्जा पनि सुन-चाँदीको धितोमा मात्र दिने भएता पनि यस **तेजाश्य अड्डा**लाई पूर्णरुपको आधुनिक बैंकिङ्ग भन्न सकिन्छ । किनभने यसले बैंकिङ्ग कारोबारको केही काम सुरु गरेको थियो ।

आठौं शताब्दीको प्रारम्भमा राजा गुणकामदेवले ऋण लिई काठमाडौं शहरको पुनर्निर्माण गरेको तथा यसै शताब्दीतिर शंखधर नामक व्यापारीले काठमाडौंका सम्पूर्ण जनतालाई ऋणी तुल्याई नेपाल सम्वत् चलाएको आख्यान इतिहासमा पाइन्छ। (योगेन्द्र तिमिल्सिना,२०४७, १०) । त्यसबेला सिक्काहरू निष्काशन गरी प्रचलनमा ल्याएपछि ऋणको लेनदेन गर्न सुविधा भएको थियो । साहु महाजन र सुनारेहरूले पर्याप्त धितो लिई समाजका विभिन्न वर्गहरूलाई परम्परागत रुपमा कर्जा प्रदान गर्दथे, तर संस्थागत बैंकिङ्गको विकास भने नेपालमा धेरै पछि मात्र भएको हो। बाह्रौं शताब्दीको प्रारम्भमा सदाशिव देवले सिंहको प्रतिमा भएको चाँदीको सिक्का प्रचलनमा ल्याएका थिए ।

राजा त्रिभुवन र प्रधानमन्त्री चन्द्र शम्शेरका शासनकालमा व्याजको दर र ऋणमा धोखा धेरै बढ्न गएको हुनाले धेरै कानूनी कदमहरू चालिएका थिए । देशको धेरै भागमा तेजारथका शाखाहरू जनतालाई सस्तो दरमा ऋण दिलाउन खोलिएका थिए । एकचोटी चन्द्र शम्सेर समक्ष तेजारथलाई आधुनिक बैङ्कमा परिणत गर्न प्रस्ताव राखिएको थियो । तर उक्त योजना सफल हुन सकेन । यसबाट के प्रष्ट हुन्छ भने नेपालमा धेरै वर्ष अगाडि देखि आधुनिक बैङ्कको आवश्यकता महशुस गरिएको थियो । पछि आएर जुद्ध शम्शेरको प्रधानमन्त्रीत्वकालमा धेरै उद्योगहरू खोले, फलस्वरुप एउटा बैङ्कको धेरै आवश्यकता महशुस गरिएको थियो । सन् १९९४ मा नेपाल बैङ्क लिमिटेड जनतालाई आईपरेका असुविधाहरू हटाउने उद्देश्यले स्थापित गरिएको थियो । पहिलोपल्ट नेपाल बैङ्कको स्थापना पछि यो महशुस गरियो कि बैङ्क एउटा व्यापार र उद्योगको लागि अर्थको एउटा स्रोत हो जुन देशको आर्थिक जीवनमा धेरै महत्वपूर्ण छ । रु. १ करोडको अधिकृत पूँजी  र रु. ८ लाख ४२ हजारको चुक्ता पूँजीबाट स्थापना भएको यस बैङ्कको स्वामित्वमा ५१ प्रतिशत सरकारको र ४९ प्रतिशत निजी क्षेत्रको पूँजी लगानी भएको छ । वि.सं. २०१२ सालमा नेपाल राष्ट्र बैङ्क ऐन जारी भयो र यही ऐन अनुसार २०१३ सालमा नेपाल राष्ट्र बैङ्कको स्थापना भयो । नेपालको समग्र विकास तथा मौद्रिकीकरणका लागि एउटा मात्र वाणिज्य बैङ्कबाट सम्भव नहुने देखि २०२२ सालमा सरकारको पूर्ण स्वामित्वमा राष्ट्रिय वाणिज्य बैङ्कको स्थापना गरियो ।

नेपालमा आधुनिक बैङ्कको इतिहास लामो नभए पनि नेपालमा पनि धेरै परापूर्व कालदेखि परम्परागत बैंकिङ्ग क्रियाकलापहरू सञ्चालन भएको पाइन्छ । प्राचीन ग्रन्थ मनुस्मृति तथा कौटिल्यको अर्थशास्त्रमा ऋण लेनदेन जस्ता बैंकिङ्ग क्रियाकलाप भएको उल्लेख भएको पाइन्छ ।

नेपालमा राणा शासनकालमा प्रधानमन्त्री रणोद्दीपसिंह राणाको पालामा सरकारी कर्मचारी तथा जनताहरूलाई कर्जा सुविधा उपलब्ध गराउने उद्देश्यले तेजारथ अड्डा नामक सार्वजनिक कर्जा संस्थाको स्थापना भयो । तेजारथ अड्डाले प्रारम्भमा व्यक्ति जमानीमा तलबबाट किस्ताबन्दीरुपमा कट्टा हुने गरी सरकारी कर्मचारीहरूलाई ५% व्याजदरमा कर्जा  गरे । पछि सामान्य जनतालाई समेत सुन-चाँदीको जमानतमा कर्जा उपलब्ध गराउने व्यवस्था भयो । तेजारथ अड्डा स्थापना भएको केही वर्षपछि यस संस्थाका शाखाहरू अधिराज्यका विभिन्न ठाउँमा बिस्तार भयो ।

### नेपाल बैङ्क लिमिटेडको स्थापनाः

नेपालको बैंकिङ्ग क्षेत्रको इतिहासमा पहिलो संगठित एवं आधुनिक बैङ्कको रुपमा वि.सं. १९९४ मा नेपाल बैङ्क, लिमिटेडको स्थापना भयो । यस बैङ्कको प्रारम्भिक अधिकृत पूँजी रु. १ करोड रहेको छ । जसमध्ये रु. २५,००,००० जारी पूँजी मध्ये प्रारम्भमा, ४२,००० मात्र चुक्ता भएको थियो । उक्त पूँजी वृद्धि गर्दै लगी वि.सं. २००६ सालसम्ममा रु. २५,००,००० पुऱ्याइयो । यसरी नेपालमा २०१२ सालसम्म करिब १८ वर्षका लागि एकमात्र संगठित बैङ्कोरुपमा नेपाली जनतालाई आधुनिक बैंकिङ्ग प्रणालीको ज्ञान र सेवा पुऱ्याउने नेपाल बैङ्क लि.को आफ्नै महत्व रहेको छ । नेपालमा केन्द्रीय बैङ्कको रुपमा नेपाल राष्ट्र बैङ्क वि.सं. २०१३ सालमा स्थापना गरिएको हो । यो बैङ्क देशको सर्वोच्च मौद्रिक अधिकारी हो । यस बैङ्कमा नेपाल सरकारको पूर्ण स्वामित्व छ । नेपाल राष्ट्र बैङ्क स्थापना गर्न बनेको ऐन २०१० मा यो बैङ्क स्थापनाको सम्बन्धमा निम्न कुराहरू उल्लेख गरिएको छ । -"सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम गर्नु, नेपाली नोट निष्काशन सुप्रबन्ध गर्नु, अधिराज्यभर नेपाली मुद्रा चलनचल्तीमा ल्याउन व्यवस्था मिलाउनु तथा नेपाली मुद्राको विनिमय दरमा स्थिरता कायम गर्न, विकासको निमित्त पूँजीलाई गतिशील बनाई राज्यको उद्योगधन्दालाई समेत प्रोत्साहन दिनुपरेकोले नेपालमा बैंकिङ्ग प्रथाको विकास गराउन परेकोले समेत एउटा राष्ट्र बैङ्कको नितान्त आवश्यक परेको हुँदा तत्कालिन श्री ५ महाराजाधिराजबाट यो ऐनलाई जारी गरिबक्सेको छ ।"

सर्वसाधारण जनताको साधारण बैंकिङ्ग व्यवसाय गर्ने बैङ्कलाई वाणिज्य बैङ्क भनिन्छ । विभिन्न खाताहरूमा निक्षेप प्राप्त गर्नु, निक्षेपका आधारमा नगद रकम झिक्ने सुविधा दिनु, विनिमय बिलहरूकोबट्टा काट्नु, व्यापारीहरूलाई अल्पकालीन ऋण प्रदान गर्नु तथा विभिन्न प्रकारका अभिकर्ता सम्बन्धी काम गर्ने बैङ्कलाई वाणिज्य बैङ्क (Commercial Bank) भनिन्छ । आधुनिक समयमा प्रत्येक राष्ट्रमा वाणिज्य बैङ्कको स्थान ज्यादै महत्वपूर्ण रहेको हुन्छ । यस बैङ्कले व्यापारी, सामान्य जनता तथा देशलाई विभिन्न प्रकारको सेवा र सुविधाहरू प्रदान गर्दछ । व्यापार तथा साना साना उद्योगहरूका क्षेत्रमा यसप्रकारका बैकिङ्ग सेवाले विशेष महत्व राख्दछ । आधुनिक युगमा प्रायः प्रत्येक राष्ट्रमा वाणिज्य बैङ्कको स्थापना भइसकेको छ । नेपालका नेपाल बैङ्क लिमिटेड, राष्ट्रिय वाणिज्य बैङ्क, कृषि विकास बैङ्क -केही ठाउँहरूमा) महत्वपूर्ण वाणिज्य बैङ्कहरू हुन् । बैंकिङ्ग क्षेत्रको विकासको सन्दर्भमा २०४० साल पछि केही उदारवादी नीति लिइयो । त्यसबेला देखि नै संयुक्त लगानीमा बैङ्क प्रवर्द्धन कार्यलाई प्रोत्साहन दिन थालियो । २०४१ सालमा नेपाल अरब बैङ्क लि.को स्थापना भयो । संयुक्त लगानीमा २०४३ सालमा नेपाल इण्डोस्वेज बैङ्क र २०४० सालमा नेपाल ग्रिन्डलेज बैङ्कको स्थापना भयो । नेपालका वाणिज्य बैङ्कहरूले गर्दैआएका अर्को काम कम्पनीका हिस्सेदारहरूको हिस्समा प्राप्त हुने लाभांश र डिवेन्चर वा ऋणपत्रमा प्राप्त हुने व्याजको संकलन गर्नु हो र संकलन गरिसकेपछि यस्ता रकमलाई हिस्सेदारका स्वदेशी वा विदेशी ठेगानामा चलान गर्ने काम गर्दछन् ।

समग्र अवस्था मूल्यांङ्कन गर्दा आ.व.२०७२/ २०७३ मा आर्थिक वृद्धिदरमा संकुचन आएको भएतापनि मुद्रा तथा बैकिङ्ग क्षेत्रको स्थिति भने स्थीर र सन्तुलित रहेको छ । बैंकिङ्ग क्षेत्रमा विद्यमान उच्च तरलताले चुनौतिसंगै  अर्थतन्त्रको पुनउर्त्थान तथा लगानी विस्तारका लागि आवश्यक वित्तीय स्रोत व्यवस्थापनको अवसर प्रदान गरेको छ । आर्थिक गतिविधिमा आउने विस्तारसंगै सृजना हुने अवसर र चुनौतीलाई  सन्तुलनमा राखी समष्ठिगत आर्थिक नीतिको  कार्यदिशा लिनुपर्ने देखिन्छ । आ.व.२०७२/२०७३ मा उपभोक्ता मुद्रास्फिीति दरलाई औसत ८.५ प्रतिशत कायम राखी कम्तीमा ८ महिनाको  वस्तु तथा सेवाको आयात धान्न पर्याप्त विदेशी  विनियम सञ्चिति कायम गर्ने र नेपाल सरकारको आर्थिक बृद्धिमा सघाउ पुऱ्याउने नीति लिइएको छ । विद्यमान विनियम प्रणालीलाई यथावत राखी आर्थिक तथा मौद्रिक लक्ष्य हासिल गर्न सहज हुनेगरी अन्तरिम लक्ष्यकोरुपमा रहेको विस्तृत मुद्राप्रदायको बृद्धिलाई १८.० प्रतिशतमा राख्ने र निजी क्षेत्रतर्फको कर्जा २० प्रतिशतले बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

बैङ्क तथा वित्तीय  संस्थाहरूले कायम गर्नुपर्ने विद्यमान अनिवार्य नगद अनुपातलाई

यथावत अर्थात क वर्गका लागि ६ प्रतिशत, ख वर्गका लागि ५ प्रतिशत, ग वर्गका लागि ४ प्रतिशत कायम गरिएको थियो । त्यस्तै विद्यमान बैधानिक तरलता अनुपातलाई पनि यथावत अर्थात क वर्गका लागि १२ प्रतिशत, चल्ती र कल निक्षेप संकलन गर्ने ख र ग वर्गका संस्थाहरूका लागि क्रमश ९ प्रतिशत र ८ प्रतिशत राखेको थियो । भूकम्प पछिको मुलुकको अवस्थालाई ध्यानमा राखी अन्तिम ऋणदाता सुविधा एवं सुरक्षण पत्रहरूको डिष्काउन्ट गर्ने प्रयोजनका लागि नितिगत दरकोरुपमा रहेको बैङ्कदरलाई १ प्रतिशतको विन्दुले घटाई ७ प्रतिशत कायम गरिएको थियो । समीक्षा अवधिमा विप्रेषण आप्रवाह, वैदेशिक ऋण र अनुदान बढेको तथा आयातमा कमी आएकोले खुद बैदेशिक सम्पति बढेको छ । समीक्षा अवधिमा खुद वैदेशिक सम्पति विदेशी विनिमय मूल्याङ्कन तथा नाफा नोक्सान समायोजित रु १ खर्ब ५८ अर्ब १८ करोड ९२.२ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पति ३५ अर्ब ७ करोड (५.९प्रतिशत) ले बढेको थियो ।

आ.व.२०७१/२०७२ को आठ माहिनासम्ममा कुल आन्तरिक कर्जा ५.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ६.४ प्रतिशतले बढेको थियो । निजी क्षेत्रतर्फको कर्जाको बृद्धिदर कम भएको छ । समीक्षा अवधिमा सरकार तर्फको खुद दावी ९.१ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष यस्तो दावी ८ प्रतिशतले घटेको थियो । चालु आावाको फागुन मसान्तसम्ममा रु ९६ अर्ब ९ करोडको सरकारी बचत रहेकोले सरकार माथिको खुददावी घट्न गएको हो । चालु आावाको आठ महिनासम्ममा निजी क्षेत्रतर्फको कर्जा ११.६ प्रतिशत अर्थात् रु १५९ अर्ब २ करोडले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रतर्फको कर्जा १२.४ प्रतिशत अर्थात् रु १४३ अर्बले बढेको थियो । आ.व.२०७२/२०७३ को आठ महिनासम्ममा सञ्चित मुद्रा ४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ४.८ प्रतिशतले घटेको थियो । खुद बैदेशिक सम्पतिमा आएको विस्तारका कारण सञ्चित मुद्रा बढेको हो । मुद्रामा गुणकतर्फ विस्तृत मुद्रागुणक २०७२ असार मसान्तमा ३.५९ रहेको तुलनामा २०७२ फागुन मसान्तमा ३.८५ पुगेको छ भने संकुचित मुद्रागुणक २०७२ असार मसान्तमा ०.८१ रहेको तुलनामा २०७२ फागुनमा ०.९४ पुगेको छ । आ.व.२०७२/२०७३ को आठ महिनामा तथा समीक्षा अवधिमा पटक पटक निक्षेप बोलकबोल मार्फत रु २९७ अर्ब ५० करोड रिभर्स रिपो मार्फत रु १६२ अर्ब ७७ करोड तथा सोझै विक्रि बोलकबोल मार्फत रु ९ अर्ब १० करोड तरलता प्रशोचन गरिएको छ । अघिल्लो आ.व.को सोही अवधिमा पटकपटक गरी निक्षेप बोलकबोल मार्फत रु ८५ अर्ब सिर्भस रिपो मार्फत रु २७१ अर्ब १० करोड तरलता प्रशोचन गरिएको थियो । आ.व.२०७२/२०७३ को आठ महिनासम्ममा नेपाल राष्ट्र बैङ्कले विदेशी विनिमय बजार वाणिज्य बैङ्कहरूवाट अमेरिकी डलर २ अर्ब ८९ करोड खुद खरिद गरी रु ३०६ अर्ब ३३ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर २ अर्ब २२ करोड खुद खरिद गरी रु २१३ अर्ब १३ करोड खुद तरलता प्रवाह भएको थियो । भारतीय रुपैयाँको माग व्यवस्थापन गरी भारतसंग हुने व्यापार सहज बनाउन समीक्षा अवधिमा अमेरिकी डलर २ अर्ब ३ करोड र यूरो १ करोड विक्रि गरी क्रमशः २१३ अर्ब ८४ करोड र रु १ अर्ब १८ करोड बराबरको भारु खरिद गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २ अर्ब ३६ करोड विक्रि गरी रु २३२ अर्ब ६० करोड बराबरको भारु खरिद गरिएको थियो । आ.व.२०७१/२०७२ मा बैङ्क तथा वित्तीय संस्थाहरूले अल्पकालिन तरलता व्यवस्थापनका लागि अन्तरबैङ्क कारोवार र नेपाल राष्ट्र बैङ्कको स्थायी तरलता सुविधा प्रयोग गर्ने गरेका छन् । आ.व.२०७१/२०७२ को आठ महिनामा बाणिज्य बैङ्कहरूले रु ५२३ अर्ब ८४ करोड र अन्य वित्तीय संस्थाहरूले रु ४५ अर्ब २० करोडको अन्तरबैङ्क कारोवार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैङ्कहरू र अन्य वित्तीय संस्थाहरूले क्रमशः २७५ अर्ब ३० करोड र रु १३४ अर्ब ८९ करोडको यस्तो कारोवार गरेका थिए । सोही अवधिमा बैङ्क तथा वित्तीय संस्थाहरूले स्थायी तरलता सुविधाको माग गरेका छैनन् भने अघिल्लो वर्षको सोही अवधिमा रु १० अर्ब ३१ करोडको यस्तो सुविधा उपयोग गरेका थिए ।

बैङ्क तथा वित्तीय संस्थाहरूमा रहेको अत्यधिक तरलता कायमै रहेकोले २०७१ फागुनको तुलनमा २०७२ फागुनमा ९१ दिने ट्रेजडी विल, ९० दिने निक्षेप बोलकबोल तथा अन्तरबैङ्क कारोवारको भारित औसत व्याजदरहरू घटेका छन् । ९१ दिने ट्रेजडी विलको भारित औषत व्याजदर १.१३ प्रतिशत रहेकोमा २०७२ फागुनमा ०.५३ प्रतिशत रहेको छ । २०७१ फागुनमा ९० दिने निक्षेप वोलकबोलको भारित औषत व्याजदर ०.८६ प्रतिशत रहेकोमा २०७२ फागुनमा ०.३९ प्रतिशत रहेको छ । यसैगरी बाणिज्य बैङ्कहरूको अन्तरबैङ्क कारोवारको भारित औसत व्याजदर २०७१ फागुनको १.८० प्रतिशतको तुलनामा २०७२ फागुनमा ०.४२ प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरूबीचको अन्तरबैङ्क कारोबारको भारित औषत व्याजदर २०७१ फागुनको ४.०६ प्रतिशतको तुलनामा २०७२ फागुनमा ०.९८ प्रतिशत रहेको छ । २०७२ फागुनमा वाणिज्य बैङ्कहरूले निक्षेपमा सर्वसाधारणलाई प्रदान गर्ने भारित औषत व्याजदर ३.०६ प्रतिशत रहेकोमा अघिल्लो वर्षको फागुनमा यस्तो व्याजदर ३.७९ प्रतिशत रहेको थियो । २०७२ फागुनमा वाणिज्य बैङ्कहरूले कर्जा प्रदान गर्दा लिने कर्जाको भारित औषत व्याजदर ९.१७ प्रतिशत रहेकोमा अघिल्लो वर्षको फागुनमा यस्तो व्याजदर ९.५६ प्रतिशत रहेको थियो । यसैगरी वाणिज्य बैङ्कहरूको औषत आधार दर २०७२ फागुनको ६.४६ प्रतिशतको तुलनामा २०७१ फागुनमा ७.५२ प्रतिशत रहेको छ । आ.व.२०७२/७३ को प्रथम आठ महिनाको बैङ्क तथा वित्तीय संस्थाहरूको निक्षेप ८.४ प्रतिशत रु १ खर्ब ४१ अर्ब ७९ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ७.६ प्रतिशत र १ खर्ब ६ अर्ब ६२ करोडले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैङ्क, विकास बैङ्क र वित्त कम्पनीहरूको निक्षेप क्रमश ८.१ प्रतिशत, ५.१ प्रतिशत र ८.७ प्रतिशतले बढेको छ ।

आ.व.२०७२/७३ को प्रथम आठ महिनामा बैङ्क तथा वित्तीय संस्थाहरूवाट निजीक्षेत्रतर्फ प्रवाहित कर्जा १०.८ प्रतिशत रु १४४ अर्ब ३ करोडले बढेको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो कर्जा ११.८ प्रतिशत अर्थात रु १३२ अर्ब ४० करोडले बढेको थियो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जामध्ये वाणिज्य बैङ्क, विकास बैङ्क र वित्त कम्पनीहरूको कर्जा प्रवाह क्रमश ११.५ प्रतिशत, ७ प्रतिशत र १० प्रतिशतले बढेको छ । आ.व.२०७२/२०७३ को प्रथम आठ महिनामा औद्योगिक उत्पादन थोक तथा खुद्रा व्यापार निर्माण तथा कृषि जस्ता कर्जा प्रवाह न्यून छ । समीक्षा अवधिमा

औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ६.७ प्रतिशत, यातायात, सञ्चार तथा सार्वजनिक सेवातर्फको कर्जा १९.८ प्रतिशत र कृषि क्षेत्रतर्फको कर्जा ९ प्रतिशतले बढेको छ ।

## आर्थिक विकासमा वाणिज्य बैङ्कहरूको भूमिका

आधुनिक समयमा प्रत्येक राष्ट्रमा वाणिज्य बैङ्कको स्थान ज्यादै महत्वपूर्ण हुन्छ । यस बैङ्कले व्यापारी, सामान्य जनता तथा देशलाई विभिन्न प्रकारको सेवा र सुविधाहरू प्रदान गर्दछ ।

### (१) लाभांश व्याजको सङ्कलन गर्नु

नेपालका वाणिज्य बैङ्कहरूले गर्दैआएका अर्को काम कम्पनीका हिस्सेदारहरूको हिस्सामा प्राप्त हुने लाभांश र डिवेन्चर वा ऋणपत्रमा प्राप्त हुने व्याजको सङ्कलन गर्नु हो र सङ्कलन गरिसकेपछि यस्ता रकमलाई हिस्सेदारका स्वदेशी वा विदेशी ठेगानामा चलान गर्ने काम गर्दछन् । यी कामको वापत वाणिज्य बैङ्कहरूले सम्बन्धित हिस्सेदारसँगबाट कमिशन लिने गर्दछन् ।

### (२) साखपत्र निष्काशन

रुपैयाँको लेनदेन सरल र सुरक्षित बनाउन साखपत्रको प्रयोग गर्ने गरिन्छ । वाणिज्य बैङ्कहरूले चेक, विनिमय, प्रतीतपत्र, यात्रुचेक, हुण्डी, ड्राफ्ट आदि निष्काशन तथा वट्टा गर्दछ । साथै आफुकहाँ जम्मा हुनआएको आयबाट निष्काशित साखपत्रको भुक्तानी पनि दिने गर्दछ ।

### (३) साखको सृजना गर्नु

साखको सृजना गर्नु वाणिज्य बैङ्कको अर्को महत्वपूर्ण काम हो । यो बैङ्कले आफुकहाँ जम्मा भएको निक्षेपबाट केही रकम ऋणकोरुपमा प्रदान गर्दछ । तर यो ऋण प्रदान गर्दा बैङ्कले ऋणीलाई नगद रकम प्रदान नगरीकन उसको नाममा खाता खोलिदिन्छ र आवश्यक परेको बेलामा रकम निकाल्ने अनुमति दिन्छ ।

### (४) अधिविकर्ष (Overdraft)

राम्रो व्यापारिक ख्याति (Good will) र विश्वास भएका आफ्ना ग्राहकहरूलाई बैङ्कले ६ महिनासम्मको अवधिको निम्ति यो कर्जा सुविधा प्रदान गर्दछ । यसअन्तर्गत बैङ्कमा गार्हस्थ खाता भएका ग्राहकहरूले आफ्नो खातामा जम्मा भइरहेको रकम भिक्ने सुविधा पाउँछ । यसरी भिकेको बढी रकममा बैङ्कले बोकेअनुसार व्याज तिर्नुपर्दछ । अधिविकर्ष सुविधामा बैङ्कहरूले १८ प्रतिशत देखि २१ प्रतिशतसम्म व्याज लिन्छन् ।

### (५) यात्रीहरूको चेक जारी गर्ने (To issue Traveller's Cheque)

वाणिज्य बैङ्कहरूले यात्रुबाहक चेकको बन्दोबस्त गर्दछ र यात्रीहरूलाई यसबाट ज्यादै सुविधा प्राप्त हुन्छ । यात्रीहरूलाई सम्बन्धित बैङ्कको कुनै पनि शाखाबाट रकम भिक्न पाउँछन् र यात्रीलाई नगद बोकी रहनु पर्दैन । यात्रीलाई कुनै खतराको सामना गर्नु पर्दैन ।

### (६) आर्थिक तथ्याङ्क एवं सूचना प्रवाह (Issue of Economic Information and Statistics)

आधुनिक वाणिज्य बैङ्कमा अनुसन्धान र तथ्याङ्क विभागको स्थापना गरिएको पाइन्छ । यी विभागबाट सबैजसो राष्ट्रमा अन्तर्राष्ट्रिय आर्थिक र व्यापारिक जानकारी तथा सूचनाहरू प्रवाह गरिन्छ । विभिन्न देश विदेशको आर्थिक तथा व्यापारिक अवस्था, कर व्याजदर आदि आर्थिक गतिविधि समाचारपत्र, पुस्तिका पत्रिकाका माध्यमबाट जनमानसमा पुऱ्याइन्छ ।

### (७) पूँजीको परिचालन (Mobilization of capital)

आर्थिक विकासको लागि पूँजिको आवश्यकता पर्दछ । अर्थतन्त्रका जुनसुकै क्षेत्रको विकासका लागि पनि पूँजिको आपूर्ति पूर्व शर्त हो । वाणिज्य बैङ्कहरूले उद्यमि व्यवसायीहरूलाई विभिन्न उपायबाट उद्योग, वाणिज्य क्षेत्रको लागि पूँजी को आपूर्ति गर्न सक्दछन् । साखको माध्यमबाट आफुसँग भएको भन्दा धेरै ठूलो परिमाणमा लगानी गर्दछन् ।

### (८) व्यापारीलाई सहयोग (Cooperation to Businessman)

वाणिज्य बैङ्कले व्यापारीहरूलाई सुन, चाँदी, जिन्सी आदि धितो राखेर कर्जा उपलब्ध गराउँछन् । यस्तो कर्जाको माध्यमबाट व्यापारीको अल्पकालीन तथा दीर्घकालीन आवश्यकता पूर्ति हुन्छ । घर, जग्गा, व्यापारीक प्रतिष्ठान, व्यापारीको गोदाम घर, मुद्दती खाता रसिद, नेपाल सरकारद्वारा जारी गरिएका ऋण पत्रहरू धितोको रुपमा राखी व्यापारीक कर्जा दिइने गर्दछ ।

आ.व.२०७२/२०७३ को चैत्रसम्ममा २९ वाणिज्य बैङ्क, ७२ विकास बैङ्क, ४६ वित्त कम्पनीहरू तथा ४१ लघुवित्त सम्बन्धी कारोवार गर्न इजाजत प्राप्त ३ वर्गका वित्तीय संस्थाहरू रहेका छन् । त्यसैगरी १५ सहकारी संस्थाहरू तथा २७ गैर सरकारी संस्थाहरूलाई पनि सीमित बैंकिङ्ग कारोवार गर्न नेपाल राष्ट्र बैङ्कवाट अनुमति प्राप्त छ । २०७२ फागुनको कुल निक्षेपमा वाणिज्य बैङ्क, विकास बैङ्क, वित्त कम्पनीको अन्य संस्थाहरूको हिस्सा क्रमश ८२.९ प्रतिशत, १२.८ प्रतिशत, ४.१ प्रतिशत, र ०.२ प्रतिशत रहेको छ । त्यसैगरी कुल कर्जा सापटमा वाणिज्य बैङ्क, विकास बैङ्क, वित्त कम्पनी र अन्य संस्थाहरूको हिस्सा क्रमश ७६.१ प्रतिशत, १४.४ प्रतिशत, ५.६ प्रतिशत र ३.८ प्रतिशत रहेको छ ।

आ.व.२०७२/२०७३ को फागुन मसान्तमा बैङ्क तथा वित्तीय संस्थाहरूको (क, ख र ग वर्गका संस्थाहरूको) कुल शाखा संख्या २ हजार ८ सय ६४ पुगेको छ । यस अवधिमा वाणिज्य बैङ्कको शाखा संख्या १ हजार ८ सय ६, विकास बैङ्कहरूको ८ सय ५६, वित्त कम्पनीहरूको २ सय २ पुगेको छ । बैङ्क तथा वित्तीय संस्थाहरूको कुल शाखा मध्ये ४५.६ प्रतिशत शाखा मध्यमाञ्चल विकास क्षेत्रमा रहेका छन् भने सुदुर पश्चिमाञ्चल विकास क्षेत्रमा ४.८ प्रतिशत शाखा मात्रै रहेका छन् । बैकिङ्ग कारोवारको सबैभन्दा ठूलो हिस्सा ओगटेको वाणिज्य बैङ्कहरूको कुल स्वदेशी निक्षेपलाई आधार मान्दा २०७२ असार मसान्तमा प्रतिव्यक्ति औषत निक्षेप रु ४८ हजार ४ सय आठ रहेकोमा २०७२ फागुन मसान्तमा यस्तो निक्षेप रु ५१ हजार ६ सय ३४ रहेको छ । त्यसैगरी २०७२ असार मसान्तमा वाणिज्य बैङ्कहरूवाट प्रवाहित प्रतिव्यक्ति औषत कर्जा रु ३९ हजार ३ सय १० रहेकोमा २०७२ फागुन मसान्तमा सो कर्जा ४३ हजार १ सय ५ पुगेको छ । २०६८ असारमा वाणिज्य बैङ्कको प्रति शाखावाट रु २३ हजार ८ सय ४७ जनाले वित्तीय सेवा पाएकोमा यसमा सुधार भई २०७१ फागुन मसान्तसम्ममा प्रति शाखाले १५ हजार ५ सय २५ जनालाई वित्तीय सेवा दिएको छ। बैङ्क तथा वित्तीय संस्था एकआपसमा गाभिने गाभ्ने सम्बन्धी विनियमावली २०६८ कार्यान्वयनमा आएपछि २०७२ फागुन मसान्तसम्ममा ८४ वटा बैङ्क तथा वित्तीय संस्था एकआपसमा मर्ज भई ३१ वटा संस्था बनेका छन । २०७२ पुस मसान्तमा १२ वटा संस्थाहरू (३ विकास बैङ्क ९ वित्त कम्पनीहरू) रिजोलुसन प्रक्रियामा रहेका छन् । उक्त संस्थाहरूमा निक्षेप रु ४ अर्ब ५१

लाख रहेको छ भने कर्जा लगानी रु ७ अर्ब ७१ करोड रहेको छ। यी संस्थाहरूको खराव कर्जा करिब ९१ प्रतिशत रहेको छ भने समग्र पूँजीकोष करिब ३० प्रतिशतले ऋणात्मक रहेको छ।

२०७२ असार मसान्तको तुलनामा वाणिज्य बैङ्क, विकास बैङ्क वित्त कम्पनीहरूको कूल कर्जामा निष्कृय कर्जाको अनुपातहरू घटेका छन् । वाणिज्य बैङ्क समूहको निष्कृय कर्जा २०७२ असार मसान्तमा २.५ प्रतिशत रहेकोमा २०७२ फागुन मसान्तमा २.४ प्रतिशत रहेको छ। त्यस्तै विकास बैङ्क समूहको निष्कृय कर्जा २०७२ असार मसान्तको ३ प्रतिशतवाट घटेर २०७२ फागुन मसान्तमा २.३ प्रतिशत पुगेको छ । त्यसैगरी वित्त कम्पनी समूहको निष्कृय कर्जा २०७२ असार मसान्तको १३.७ प्रतिशतवाट घटेर २०७२ फागुन मसान्तमा १३.१ प्रतिशत पुगेको छ । आ.व. २०७२ चैत्र मसान्तमा लघुवित्त सम्बन्धी कारोवार गर्ने घ वर्गका वित्तीय संस्थाहरूको संख्या ४१ रहेको छ। लघुवित्त सम्बन्धी कारोवार गर्ने घ वर्गका वित्तीय संस्थाहरूको कुल सम्पत्ति दायित्व २०७२ असार मसान्तको तुलनामा २२ प्रतिशतले बढेर रु ८३ अर्ब ७५ करोड पुगेको छ । २०७२ फागुन मसान्तमा यी संस्थाहरूको कुल निक्षेप र लिएको सापटी क्रमश रु २० अर्व ६६ करोड र रु ४५ अर्ब ३ करोड पुगेको छ भने कुल कर्जा र लगानी क्रमशः रु ६७ अर्ब ३० करोड र रु २ अर्ब ९५ करोड पुगेको छ।

## निक्षेप तथा कर्जा सुरक्षण निगम

हाल निगमको चुक्ता पूँजी रु २ अर्ब रहेको छ । स्वामित्व संरचनातर्फ नेपाल सरकारको ८९.२ प्रतिशत, नेपाल राष्ट्र बैङ्कको १० प्रतिशत र नेपाल बैङ्क लिमिटेड तथा राष्ट्रिय वाणिज्य बैङ्कको ०.८ प्रतिशत रहेको छ। निक्षेप तथा कर्जा सुरक्षण निगमले २०७२ असार मसान्तसम्ममा रु १ अर्ब ९१ करोड ६० लाख कर्जा सुरक्षण गरेकोमा २०७२ फागुन मसान्तसम्ममा ३ अर्ब ३६ करोड कर्जा सुरक्षण गरेको छ। क, ख, ग, र घ संस्थाले आफनो प्रकृति अनुसार २ लाख सुरक्षण गर्नुपर्ने व्यवस्था अनुसार २०७१/२०७२ सम्ममा १६४ वटा बैङ्क तथा वित्तीय संस्थाहरूको रु २८३ अर्ब ८० करोड निक्षेप सुरक्षण भएकोमा २०७२ फागुन मसान्तसम्ममा उक्त निगमवाट विभिन्न १ सय ५० वटा बैङ्क तथा वित्तीय संस्थाहरूको जम्मा रु ३१८ अर्ब ९२ करोड बराबरको रकम सुरक्षण गरेको छ। यस केन्द्रमा नेपाल राष्ट्र बैङ्क, वाणिज्य बैङ्क, विकास बैङ्क समूह, र वित्त कम्पनि समूहको क्रमशः १० प्रतिशत, ६५ प्रतिशत, १० प्रतिशत, र १५ प्रतिशत शेयर स्वामित्व रहेको छ । २०७२ पुस मसान्तमा विभिन्न बैङ्क तथा वित्तीय संस्थाका ७१०६ ऋणीहरू कालोसूचीमा समावेश गरिएको छ भने सोही अवधिमा २४९२ ऋणीहरू सो सूचीवाट हटेका छन्।

